# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२/०५/२८

### प्रेस विज्ञप्ति

जेन्जी आन्दोलनका क्रममा पत्रकारमाथि भएको आगजनी प्रयास, आक्रमण, दुर्व्यवहार र अवरोधप्रति नेपाल पत्रकार महासंघ दुःख व्यक्त गर्दछ । महासंघलाई प्राप्त जानकारी अनुसार विभिन्न स्थानमा देहायका प्रेस स्वतन्त्रता हननका थप घटना भएका छन ।

**आगजनी**

१.बाँकेको कोहलपुरमा समाचार संकलनका क्रममा सम्वेगन्यूज डटकमका पत्रकार निरज निश्चललाई अन्दोलनकारीले हातपात र क्यामरा खोसेर जलाएको । उनले भागेर कोहलपुर नगरपालिकाको भवनमा आश्रय लिइरहेको अवस्थामा सोही भवनमा आगजनी भएपछि भवनको पछाडिपट्टिको छतबाट हामफालेर बाच्न सफल ।

२.कैलालीको धनगढीस्थित सिटिभिटी चोकमा आन्दोलनकारीबाट पत्रकार दिपेन्द्र भट्टलाई दुर्व्यवहार गर्नुका साथै मोटरसाइकलमा आगजनी ।

**आक्रमण तथा दुर्व्यवहार**

३.भक्तपुरस्थित सूर्यविनायक चोकमा भादगाँउ टेलिभिजनका पत्रकार तुलसी कुमार त्वायनामाथि आन्दोलनकारीबाट भौतिक आक्रमण ।

४.भक्तपुरमै नागरिक दैनिकका पत्रकार कृष्ण केसीले खिचेको भिडियो तथा फोटो सुरक्षाकर्मीले डिलित गर्न लगाएको ।

५.निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको भक्तपुरस्थित निजी निवास बालकोटमा रिर्पोटिङका क्रममा पत्रकार महासंघ भकतपुर कार्यसमिति सदस्य सुदर्शन आचार्यमाथि आक्रमण । टेलिभिजननको गाडी तोडफोड हुंदा हातमा गाडीको सिसा लागेर घाइते ।

६.पत्रकार महासंघ भक्तपुर कार्यसमिति सदस्य केशव तिमिल्सिनालाई जिल्ला प्रशासन कार्यालयमा भएको विरोध प्रदर्शनको रिपोर्टिङका क्रममा फोटो तथा भिडियो खिच्न नदिइएको ।

यसका साथै विदेशी पत्रकारलाई समेत काठमाडौंमै आक्रमण भएको गुनासो महासंघमा प्राप्त भएको छ । पत्रकार विरूद्ध भएका यस प्रकारका घटनाले प्रेस स्वतन्त्रताको ठाडो उल्लङ्घन भएको महासंघको ठहर छ । अतः महासंघ घटनाका दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र स्वतन्त्रतापूर्वक पेशा गर्ने वातावरण निर्माण गर्न सरकारसँग माग गर्दछ । साथै, महासंघ आन्दोलनका क्रममा आगजनी र तोडफोड गरी क्षति पुर्‍याईएका सञ्चारगृह तथा पत्रकारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न समेत माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org